# जनता समाजवादी पार्टी, नेपाल
## समायोजन निर्देशिका-२०७७

(२०७७ श्रावण २१-२४ गतेसम्म ललितपुरमा सम्पन्न केन्द्रीय कार्यकारिणी समितिको बैठकबाट पारित ।)

पार्टी एकीकरण र ध्रुवीकरणको माध्यमबाट देशमा एउटा एकीकृत सशक्त राजनीतिक विकल्प निर्माणको महान अभियानको पहिलो पाइला निर्वाचन आयोगबाट मान्यता प्राप्तीसँगै सफलताका साथ सम्पन्न भएको छ । पुराना राजनीतिक शक्तिहरूको गलत तथा असान्दर्भिक बनिसकेका विचारको विरूद्ध सङ्घर्षको क्रममा नेपालको समाजसापेक्ष वैचारिक राजनीतिक शक्ति निर्माण गर्ने लक्ष्यका साथ यो अभियान अगाडि बढेको छ । यसका लागि देशका सबै अग्रगामी राजनीतिक शक्ति र व्यक्तिहरूलाई एकीकरण र ध्रुवीकरणमा ल्याउनु हाम्रो दायित्व हो । त्यस उद्देश्यलाई साकार पार्न वैचारिक रूपले प्रष्ट, सङ्गठनात्मक रूपले सुदृढ तथा युगान्तकारी परिवर्तनका नयाँ माग र मुद्दाहरूप्रति प्रतिवद्ध पार्टी निर्माणको आवश्यकता छ । यसका लागि नै राष्ट्रिय जनता पार्टी, नेपाल र समाजवादी पार्टी एकीकरण भई जनता समाजवादी पार्टी, नेपाल गठन भएको छ । पार्टी एकीकरणको कामलाई प्रदेश समिति तथा स्थानीय समितिहरू (जिल्ला, पालिका, वडा तथा प्रारम्भिक समिति) र भातृ/जनवर्गीय सङ्गठनहरू समायोजन गरी पूर्णता दिनु आवश्यक भएकाले यो निर्देशिका जारी गरिएको छ । सबै तहका समितिहरूले यस निर्देशिकाअनुरूप आ-आफनो समितिहरूको समायोजन गर्नुपर्ने छ ।

### १. समायोजन नीति तथा मापदण्ड

१.१. दुबै पार्टी क्रियाशील रहेका सबै तहका समितिहरूमा पार्टी विधानअनुरूप राष्ट्रिय जनता पार्टी र समाजवादी पार्टीका समितिहरूलाई एकीकृत गरी समितिहरू समायोजन गरिने छ । समितिको अध्यक्षलगायतका नेतृत्व चयन गर्दा सम्बन्धित स्थानका पार्टी सदस्य सङ्ख्या, मातहतका समितिहरू, भातृ/जनवर्गीय सङ्गठनहरूलगायतका सङ्गठनात्मक स्थिति, पछिल्लो निर्वाचनमा प्राप्त मत परिणाम र नेतृत्वमा प्रस्तावित व्यक्तिको वरिष्ठता, क्रियाशीलता, योग्यता, क्षमता र प्रभावकारिता आदिलाई मापदण्डको रूपमा लिनुपर्ने छ । समायोजन गर्दा केन्द्रले मान्यता दिएको आधिकारिक तथ्याङ्कलाई आधार मानिने छ । तथ्याङ्क उपलब्ध हुन नसक्ने अवस्थामा सम्बन्धित पार्टीले दिएको आधिकारीक नामावली वा तथ्याङ्कलाई स्वीकार गरिने छ ।

१.२. दुबै पार्टीका सबै तहका सङ्गठनहरू जनता समाजवादी पार्टी, नेपालका रूपमा रहने छन् । तर एक आपसमा समायोजन नहुन्जेल यो निर्देशिका लागु भएपछि समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीका नाममा कुनै सङ्गठन बनाइने छैन । दुबै पार्टीका दस्तावेज, बैठकका माइन्युटलगायतका कागजातहरू जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय कार्यालयमा जम्मा गर्नुपर्ने छ ।

१.३. समायोजनको कार्य यथासक्य सहमतिमा गर्न प्राथमिकता दिनुपर्ने छ । सहमति नभएको अवस्थामा माथि उल्लेखित बुँदा नम्बर १.१ अनुसार समायोजन कार्य अगाडि बढाइने छ ।

१.४. इन्चार्ज, सहइन्चार्ज तथा पार्टीका पदाधिकारीहरू चयन गर्दा विधानको धारा २७ को उपधारा ३ बमोजिम हुने गरी मुख्य जिम्मेवारीहरूमा सन्तुलन मिलाउनुपर्ने छ भने १ भन्दा बढी सङ्ख्यामा रहेका पदहरू अनिवार्य रूपमा बाँडफाँट गर्नुपर्ने छ ।

१.५. समितिहरू समायोजन गर्दा पार्टी विधानको धारा ५९ बमोजिम सामान्यतः एक व्यक्ति एक प्रमुख जिम्मेवारीको नीति कार्यान्वयन गर्नुपर्ने छ । पदेनबाहेक दुई अलग तहका समितिमा रहेका व्यक्तिहरूलाई आफू रहने समितिको छनौटको अवसर स्वयम्लाई दिइने छ ।

१.६. सबै तहका समितिहरूमा पदाधिकारी चयन गर्दा त्यहाँको सामुदायिक विशेषताअनुरूप समावेशितालाई ध्यान दिनुपर्ने छ । समितिहरूमा एक तिहाई महिलाका साथै शिल्पी/दलित र अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायहरूलाई स्थान दिनुपर्ने छ । यी मध्ये महिलाको सङ्ख्या अपुग भएको खण्डमा महिलाबाटै स्थान पूर्ति गर्ने गरी स्थान खालि राख्नुपर्ने छ ।

१.७. प्रदेश समितिहरूको समायोजनका लागि केन्द्रीय कार्यकारिणी समितिले विशेष व्यवस्था गर्ने छ । त्यसबाहेकका समितिहरूको समायोजनमा दुई पार्टीमध्ये कुनै एक पार्टीको मात्र समिति छ भने सो समिति जनता समाजवादी पार्टी, नेपालको समितिको रूपमा समायोजित हुने छ । त्यसरी समायोजन गर्दा माथि उल्लेखित बुँदा नम्बर १.५ अनुसार जिम्मेवारी मिलान तथा अर्को पार्टीका सदस्यहरूलाई योग्यता क्षमताअनुसार समेट्नुपर्ने छ ।

## २. प्रदेश समिति/पहिचानमा आधारित राष्ट्रिय समिति

२.१. प्रदेश समितिहरूको समायोजन पार्टी विधानको धारा ३३ को उपधारा २ बमोजिम तोकिएको पद र सङ्ख्यामा नबढ्ने गरी समायोजन गर्नुपर्ने छ ।

२.२. प्रदेश समिति तथा पहिचानमा आधारित राष्ट्रिय समितिहरू समायोजनका लागि सहजीकरण गर्न केन्द्रीय कार्यदल खटाइने छ ।

२.३. प्रदेश तथा राष्ट्रिय समितिहरूमा केन्द्रीय कार्यकारिणी समितिले इन्चार्ज र सहइन्चार्जहरू तोक्ने छ । सहइन्चार्जहरू प्रदेशमा ४ जनासम्म तथा राष्ट्रिय समितिहरूमा आवश्यकतानुसार तोक्न सकिने छ ।

२.४. गैरभौगोलक तथा प्रवास विशेष प्रदेश समितिहरूलाई पनि उपरोक्तबमोजिम नै समायोजन गरिने छ ।

## ३. स्थानीय तहका समितिहरू

### ३.१. जिल्ला समन्वय समिति तथा निर्वाचन क्षेत्र समन्वय समिति

क) जिल्ला समन्वय समितिहरूको समायोजन पार्टी विधानको धारा ४४ अनुसार गरिने छ ।

ख) समितिहरूको समायोजनका लागि दुबै पक्षका सम्बन्धित समितिका प्रतिनिधिहरू रहेको एक कार्यदल गठन गर्नुपर्ने छ । कार्यदलले समायोजनका लागि कार्यतालिका बनाई काम गर्नुपर्ने छ ।

ग) कार्यदल गठन गर्नका लागि दुबै पार्टीको एक तह माथिको समितिले सहजीकरण गर्ने छ ।

घ) सङ्घ र प्रदेशको निर्वाचन क्षेत्रको नेतृत्व चयन गर्दा पछिल्लो सङ्घीय र प्रदेशको निर्वाचनमा दुबै पार्टीले भाग लिएको स्थानमा जुन जुन निर्वाचन क्षेत्रमा जुन पार्टीले बढी मत प्राप्त गरेको छ सोही पार्टीले सङ्घीय निर्वाचन क्षेत्र र प्रदेश निर्वाचन क्षेत्र समितिको अध्यक्ष प्राप्त गर्ने छ। अन्य पदहरू आपसी सहमतिमा बाँडफाँट गर्नुपर्ने छ।

ङ) एउटा पक्षले मात्र भाग लिएको ठाउँमा आपसी सहमतिको आधारमा १.१ मा तोकेको मापदण्डबमोजिम समायोजन गर्नुपर्ने छ।

**३.२. पालिका, वडा तथा प्रारम्भिक समितिहरू**

क) पालिका समितिहरूको समायोजन पार्टी विधानको धारा ४६ बमोजिम आवश्यकतानुसार पदाधिकारी र सङ्ख्या समावेश गरी समायोजन गर्नुपर्ने छ। पछिल्लो स्थानीय तहको निर्वाचनमा दुबै पार्टीले भाग लिएको स्थानमा पालिका र वडामा मत परिणामको आधारमा जुन पार्टीले बढी मत प्राप्त गरेको छ सोही पार्टीले अध्यक्ष पद प्राप्त गर्ने छ। अन्य पदहरू आपसी सहमतिमा बाँडफाँट गर्नुपर्ने छ। समितिहरूको समायोजनका लागि दुबै पक्षका पालिका समितिका प्रतिनिधिहरू रहेको कार्यदल गठन गर्नुपर्ने छ।

ख) समितिको सङ्ख्या तय गर्दा पालिका समितिहरूले त्यहाँको जनसङ्ख्या, भूगोल, वडाको प्रतिनिधित्व, पार्टी काम आदिलाई ध्यानमा राख्नुपर्ने छ।

ग) पालिका समिति समायोजन कार्यको सहजिकरण पूर्व पार्टीको जिल्ला समितिले गर्ने छ।

घ) वडा समितिहरूको समायोजनको काम पनि आफ्नो क्षेत्राधिकारभित्र पालिका समितिको जस्तै हुने छ।

ङ) वडाभित्रका टोल, गाउँवस्ती, निर्वाचन बुथ आदिको आधारमा बन्ने पार्टीका प्रारम्भिक समितिहरूको समायोजन गर्ने/गराउने दायित्व वडा समितिको हुने छ।

**४. भातृ/जनवर्गीय सङ्गठन**

४.१. महिला, किसान, युवा, विद्यार्थी, मुस्लीम, थारू, पिछडा वर्ग, सुकुम्बासी, अपाङ्ग, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, जेष्ठ नागरिक, उपभोक्ता अधिकारलगायतका सङ्घ/युनियनहरू तथा मजदुर, बौद्धिक पेसाकर्मी, साँस्कृतिक, खेलकुद, आदिवासी जनजाति, शिल्पी/दलित, उद्योग, वाणिज्य तथा व्यवसाय, पूर्व सैनिक तथा प्रहरीलगायतका महासङ्घहरू र शुभेच्छुक सङ्घ-सङ्गठन समायोजन गर्न पार्टीको केन्द्रीय कार्यकारिणी समितिले कामको प्रकृतिअनुसार सहजिकरणका लागि समायोजन कार्यदल बनाउने छ।

४.२. ती कार्यदलहरूले दुबै पार्टीका भातृ/जनवर्गीय सङ्गठनका प्रतिनिधिहरूको संयुक्त बैठक आयोजना गरी एकीकृत भातृ/जनवर्गीय सङ्गठनको नाम, झण्डा, विधान आदि तय गर्न सहजीकरण गर्ने छ ।

४.३. महासङ्घका घटक सङ्घहरूको समायोजन सोही प्रकृयाअनुरूप महासङ्घले नै गर्नुपर्ने छ।

४.४. प्रदेश स्तरमा भातृ/जनवर्गीय सङ्गठनहरू समायोजनका लागि समायोजनपछिको प्रदेश समितिले सहजीकरण गर्न सक्ने छ ।

**५.** पार्टी एकीकरण र समायोजनको प्रकृयालाई छिटो छरिटो सम्पन्न गर्न केन्द्रीय समिति तथा केन्द्रीय निकायहरूबाट समायोजनको कार्य अगाडि बढाउन सकिने छ । तर सहमतिमा समायोजन हुन सक्ने समितिहरूलाई माथिल्लो समिति समायोजन नभएको कारणले रोक्नु हुँदैन । जुन समितिबाट एकीकरण र समायोजन कार्य अगाडि बढाउँदा सहज र पार्टीमा उत्साहपूर्ण वातावरण बन्छ, तत् तत् स्थानमा समायोजन कार्य अगाडि बढाउनु पर्दछ ।

**६.** माथि जे सुकै लेखिएको भएता पनि आपसी सहमति र समझदारीका आधारमा विभिन्न निकाय एवम् तहका समितिहरू र भातृ सङ्गठनहरूले यस निर्देशिकाको भावनाअनुरूप आ-आफ्नो सङ्गठनहरू आफै समायोजन गर्न सक्ने छ ।

**७.** यसमा उल्लेख नभएका तर सम्बन्धित कार्यक्षेत्रमा आवश्यक परेको खण्डमा यस निर्देशिकासँग नबाझिने गरी कार्यदलहरूले थप मापदण्ड बनाई कार्य गर्न सक्ने छ ।

**८.** पार्टी एकीकरणपश्चात देशैभरि देखापरेको जनआकर्षणको लहरलाई सङ्गठनात्मक शक्तिमा रूपान्तरण गर्नका लागि पार्टी प्रवेशको व्यवस्था गर्नु पर्दछ । पार्टी समितिमा आवद्ध भएका कुनै पनि पार्टी सदस्यले पार्टीमा प्रवेश गर्न चाहने व्यक्तिहरूलाई पार्टी प्रवेश गराउन सक्ने छ । यसरी प्रवेश गरेका व्यक्तिहरूको विवरण राखी पार्टी सदस्य दर्ता रसीद दिइनु पर्दछ ।

**९.** समायोजनपश्चात गठन भएका समितिहरूले आवश्यकतानुसार आ-आफ्नो तहको विभागहरू गठन गर्न सक्ने छ ।

**१०.** समायोजन कार्य सामान्यत: २०७७ मङ्सिर मसान्तभित्र सम्पन्न गरिने छ । समायोजन कार्य सम्पन्न भएपश्चात यो निर्देशिका स्वत: निष्कृय हुने छ ।

**पार्टी सदस्यता दर्ता रसीद**


जनता समाजवादी पार्टी, नेपाल
केन्द्रीय कार्यालय
पार्टी सदस्यता दर्ता रसिद
र. नं. मिति:......................
नाम: ..........................................................
उमेर: ..........................................................
ठेगाना: ........................ गा.पा./न.पा. ...... वडा न .............................. जिल्ला ........................
प्रदेशबाट पार्टी सदस्य दर्ता शुल्क बापत रु. ५।- स-धन्यवाद प्राप्त भयो ।
.....................................
प्रदान गर्नेको दस्तखत
..................................... लिनेको दस्तखत
नाम: ..............................
पद: ..............................

जनता समाजवादी पार्टी, नेपाल
केन्द्रीय कार्यालय
पार्टी सदस्यता दर्ता रसिद
र. नं. मिति:..............................
नाम: ...................................................................... उमेर: ........................
ठेगाना: ...................................... गा.पा./न.पा. ......वडा नं. .............................. जिल्ला
........................ प्रदेशबाट पार्टी सदस्य दर्ता शुल्क बापत रु. ५।- स-धन्यवाद प्राप्त भयो ।
.............................................
प्रदान गर्नेको दस्तखत
..................................... लिनेको दस्तखत
नाम:.............................................
पद: .............................................